लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
E-mail:- lekam.rmun@gmail.com
info@lekammun.gov.np
Web: lekammun.gov.np

प.स.:- २०८०/०८१
च.नं.

मिति:२०८१।०३।२७

## गाउँपालिका सहजकर्ता शिक्षक तथा कर्मचारी आन्तरिक पदपूर्ति सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०८१।०३।२७)

यस लेकम गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।०३।१८ गतेको निर्णयानुसार यस लेकम गाउँपालिका अन्तर्गत तपसिलका पदहरुमा आन्तरिक प्रतियोगात्मक परीक्षाद्वारा करार पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत सहजकर्ता शिक्षक तथा कर्मचारीहरुका लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वको दरखास्त आह्वान गरिएको छ। साथै सूचनामा उल्लेखित कागजात सहित तोकिएका म्याद भित्र यस कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| **विज्ञापन नम्बर** | ०३/२०८०/०८१ | | | | |
|---|---|---|---|---|---|
| **तह** | माध्यमिक | | | | |
| **विषय र पद संख्या** | | | | | |
| **विषय** | अंग्रेजी | गणित | नेपाली | सामाजिक | जम्मा पद संख्या |
| **पद संख्या** | १ | १ | १ | १ | ४ |

| **विज्ञापन नम्बर** | ०४/२०८०/०८१ | | | | | |
|---|---|---|---|---|---|---|
| **तह** | निम्न माध्यमिक | | | | | |
| **विषय र पद संख्या** | | | | | | |
| **विषय** | अंग्रेजी | गणित | नेपाली | सामाजिक | विज्ञान | जम्मा पद संख्या |
| **पद संख्या** | ३ | १ | २ | ३ | २ | ११ |

| क्र.स. | विज्ञापन नम्बर | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०५/२०८०/०८१ | शिक्षक | प्राथमिक | ४ |
| २ | ०६/२०८०/०८१ | बालविकास | - | १० |
| ३ | ०७/२०८०/०८१ | कम्प्युटर अपरेटर | - | ९ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव:**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक तहको लागि कम्तीमा स्नातक तह, निम्न माध्यमिक र प्राथमिक तहको लागि कम्तिमा प्रविणता प्रमाण पत्र तह, कम्प्युटर अपरेटरको लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त र बालविकास शिक्षकका लागि कक्षा दश वा सो सरह उत्तीर्ण गरेको,

ख. आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा उम्मेदवार हुन एक पटकका लागि उमेरको हद नलाग्ने।

२. **दरखास्त दिने अन्तिम मिति:** २०८१।०४।१० गते कार्यालय समय भित्र,दोब्बर दस्तुर मिति: २०८१/०४/१७ गतेसम्म

प्रशासकीय अधिकृत

# लेकम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

E-mail:- lekam.rmun@gmail.com
info@lekammun.gov.np
Web: lekammun.gov.np


प.स.:- २०८०/०८१
च.नं.

३. **आवेदनको दस्तुर:**

| तह | माध्यमिक | निम्न माध्यमिक | प्राथमिक | बालविकास | कम्प्युटर अपरेटर |
|---|---|---|---|---|---|
| दस्तुर रकम | १५००/- | १३००/- | १२००/- | १०००/- | १३००/- |

४. **परीक्षाको किसिम**:- लिखित परीक्षा, अन्तरवार्ता र कम्प्युटर अपरेटरको हकमा कम्प्युटर सीप परीक्षण समेत।

५. **आवश्यक कागजातहरु:**

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ख. न्युनतम योग्यताको लब्धाङ्क पत्रको प्रतिलिपि,
ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
घ. माध्यमिक,निम्न माध्यमिक र प्राथमिक तहको शिक्षकको हकमा स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि,
ङ. दुई प्रति पासपोर्ट साइजको फोटो,
च. विद्यालयबाट निरन्तर रुपमा खाइपाइ आएको पछिल्लो ६ महिनाको बैंक मार्फत भुक्तानी भएको तलब भत्ताको बैक निकासा पत्रको प्रतिलिपि,
छ. करार नियुक्ति पत्रको प्रतिलिपि,
ज. विद्यालयबाट सेवा प्रमाणित भएको पत्र,
झ. शैक्षिक सत्र २०८० र २०८१ को हाजिरी ( शैक्षिक सत्र २०८१ मा नियुक्ति पाएकाको हकमा २०८१ को मात्र )

६. **सेवा सुविधा**: गाउँपालिकाले तोके बमोजिम ,

७. **परीक्षा मिति:**

| तह | माध्यमिक | निम्न माध्यमिक | प्राथमिक | बालविकास | कम्प्युटर अपरेटर |
|---|---|---|---|---|---|
| मिति | २०८१/०५/०१ | २०८१/०५/०२ | २०८१/०५/०३ | २०८१/०५/०४ | २०८१/०५/०६ |

परीक्षा समयः बिहान १०:०० बजे, लेकम गाउँपालिकाको कार्यालय, रातामाटा दार्चुला।

2081/03/26

..........................
(अर्जुन सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>पुनश्च</u>: लेकम गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाइरहेका विद्यालयमा हाल सम्म अनवरत रुपमा कार्यरत शिक्षक सहजकर्ता, कम्प्युटर अपरेटर, बालविकास सहजकर्ता र कर्मचारी वा वि.स. २०७४ श्रावण १ गते भन्दा अगाडि विद्यालय व्यवस्थापन समितिद्वारा नियुक्त भई विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खाई हाल सम्म अनवरत रुपमा कार्यरत रहेका शिक्षक, कम्प्युटर अपरेटर र बा.वि.स. को तोकिएको योग्यता पुगेमा आन्तरिक प्रतिप्रर्धाबाट पदपूर्ति हुन सबै तह र पदहरुमा एक पटकको लागि उम्मेदवार हुन पाउने छन्।